## पहिलो बैठक

आज मिति २०८२।०४।०४ गते आईतबारका दिन भूमिकास्थान नगरपालिकाका नगर प्रमुख श्री झविलाल थापाज्यूको अध्यक्षतामा देहायको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी तपसिल बमोजिम निर्णयहरु गरियो ।

### तपसिल

| सि.नं. | नाम थर | पद | ठेगाना | दस्तखत |
|---|---|---|---|---|
| १. | श्री झविलाल थापा | नगर प्रमुख | भुमिकास्थान नगरपालिका | |
| २. | श्री बालकृष्ण बन्जाडे | नगर उप-प्रमुख | भुमिकास्थान नगरपालिका | |
| ३. | श्री गोपाल प्रसाद खनाल | वडा अध्यक्ष/ नगर कार्यपालिका सदस्य | भु.न.पा, वडा नं. १ | |
| ४. | श्री बुद्धि बहादुर थापा | वडा अध्यक्ष/ नगर कार्यपालिका सदस्य | भु.न.पा, वडा नं. २ | |
| ५. | श्री कृष्ण प्रसाद बन्जाडे | वडा अध्यक्ष/ नगर कार्यपालिका सदस्य | भु.न.पा, वडा नं. ३ | |
| ६. | श्री वावुराम पन्थी सुनार | वडा अध्यक्ष/ नगर कार्यपालिका सदस्य | भु.न.पा, वडा नं. ४ | |
| ७. | श्री जयगोपाल श्रेष्ठ | वडा अध्यक्ष/ नगर कार्यपालिका सदस्य | भु.न.पा, वडा नं. ५ | |
| ८. | श्री ..प्रेम नारायण बेल्वासे | वडा अध्यक्ष/ नगर कार्यपालिका सदस्य | भु.न.पा, वडा नं. ६ | |
| ९. | श्री रामचन्द्र ढुंगाना | वडा अध्यक्ष/ नगर कार्यपालिका सदस्य | भु.न.पा, वडा नं. ७ | |
| १०. | श्री राजकुमार श्रेष्ठ | वडा अध्यक्ष/ नगर कार्यपालिका सदस्य | भु.न.पा, वडा नं. ८ | |
| ११. | श्री खेमराज चुंदाली | वडा अध्यक्ष/ नगर कार्यपालिका सदस्य | भु.न.पा, वडा नं. ९ | |
| १२. | श्री खगेश्वर पन्थी | वडा अध्यक्ष/ नगर कार्यपालिका सदस्य | भु.न.पा, वडा नं. १० | |
| १३. | श्री खुमा वेल्वासे | नगर कार्यपालिका सदस्य | भुमिकास्थान नगरपालिका | |
| १४. | श्री केशरा परियार | नगर कार्यपालिका सदस्य | भुमिकास्थान नगरपालिका | |
| १५. | श्री तिर्था वेल्वासे | नगर कार्यपालिका सदस्य | भुमिकास्थान नगरपालिका | |
| १६. | श्री ठाकुर सौराग | नगर कार्यपालिका सदस्य | भुमिकास्थान नगरपालिका | |
| १७. | श्री विष्णु वि.क. | नगर कार्यपालिका सदस्य | भुमिकास्थान नगरपालिका | |
| १८. | श्री मान बहादुर सुनार | नगर कार्यपालिका सदस्य | भुमिकास्थान नगरपालिका | |
| १९. | गिता जि.एम. | नगर कार्यपालिका सदस्य | भुमिकास्थान नगरपालिका | |
| २०. | गिर बहादुर नेपाली | नगर कार्यपालिका सदस्य | भुमिकास्थान नगरपालिका | |
| २१. | श्री जगदिश चन्द्र नेपाली | सदस्य सचिव एवं प्रमुख प्रशासकीय अधिकृत | भुमिकास्थान नगरपालिका | |

CamScanner

| सि.नं. | नाम थर | पद | ठेगाना | दस्तखत |
|---|---|---|---|---|
| २२. | तुवलाल सापकोट | शिक्षा शाखा प्रमुख | भूमिकास्थान नगरपालिका | |
| २३. | हरिश्चन्द्र भुसाल | योजना शाखा प्रमुख | भूमिकास्थान नगरपालिका | |
| २४. | तुल्सी प्रकाश गिरी | प्रशासन शाखा प्रमुख | भूमिकास्थान नगरपालिका | |

**प्रस्तावहरु**

१. अघिल्लो बैंठकको समिक्षा सम्वन्धमा ।
२. नगर दररेट सम्बन्धमा ।
३. शिक्षक सरुवा सम्बन्धमा ।
४. सहकारी नियमावली, २०८२ सम्बन्धमा ।
५. हलुका सवारी चालक नियुक्ति सम्बन्धमा ।
६. विविध ।

**निर्णय नं. १ :** प्रस्ताव नं. १ माथि छलफल गर्दा अघिल्लो बैंठकमा भएका निर्णयहरुको कार्यान्वयनको सन्दर्भमा व्यापक छलफल भयो र उक्त छलफलबाट अघिल्लो बैंठकका निर्णयहरुको कार्यान्वयनको अवस्था देहाय बमोजिम भएको पाईयो ।

- भूमिकास्थान नगरपालिकाको आर्थिक वर्ष २०८१/०८२ को लागि १५ औ नगरसभाबाट निशर्त अनुदानबाट शिक्षा क्षेत्रमा विनियोजित स्वीकृत शिर्षकहरुमा बजेट अपुग भै भुक्तानी गर्न नसकिएकोले निशर्त अनुदान अन्तर्गत शिक्षा क्षेत्रमै विनियोजित बजेटमा बचत हुन आउने बाट अपुग रकम भुक्तानी गर्ने निर्णय भए बमोजिम भुक्तानी भएको ।
- आर्थिक वर्ष २०८१/०८२ मा वहुवर्षीय आयोजनाको रुपमा ठेक्का वन्दोवस्त भएको ठेक्का नं. **15/BMA/W/BT/2081/082** डेभा पुत्के डढुवा पाकु झिम्रुक सडक कालोपत्रे कार्यमा चालु आर्थिक वर्षमा विनियोजित बजेट भन्दा वढि काम भै मूल्यांकन बमोजिम खर्च भएको रकम उपल्लापोखरा भूमेकाथान पिपलनेटा गोखुंगा सडक तथा बेलबोट जोगिटारी सडकमा बचत हुन आउने रकमबाट भुक्तानी दिने निर्णय भए बमोजिम कार्य भएको ।

**निर्णय नं. २ :** प्रस्ताव नं. २ माथि छलफल गर्दा आ.व. २०८२/०८३ को लागि सार्वजनिक खरिद नियमावली २०६४ अनुसार गठित अर्घाखांची जिल्लाको जिल्ला दररेट निर्धारण समितिले निर्धारण गरेको दररेटलाई आधार मानी तयार गरेको ज्याला, विभिन्न वस्तु तथा निर्माण सामग्रीको दररेट सम्बन्धि विस्तृत विवरण बैंठकमा प्रस्तुत भई छलफल हुदा उक्त दररेट समेतलाई आधारमानी नगर दररेट समितिबाट स्वीकृत गरिएको भुमिकास्थान नगरपालिकाको आ.व. २०८२/०८३ को नगर दररेटलाई अनुमोदनको गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३ :** प्रस्ताव नं. ३ सम्बन्धमा छलफल गर्दा भूमिकास्थान नगरपालिका वडा नं. ८ स्थित यशोधरा आधारभूत विद्यालय, अर्घाखांचीको विद्यालय व्यवस्थापन समितिको मिति २०८२।०३।०८ को सरूवा सहमति बमोजिम आदर्श माध्यमिक विद्यालय, सन्धिखर्क नगरपालिका वडा नं. ७ प्राथमिक तह तीतृय श्रेणीका स्थायी शिक्षक विक्रम भुसाल ( संकेत नं. १९९३७७) लाई सरूवा सहमति दिई भूमिकास्थान नगरपालिकाको कार्यालय, नुवाकोट अर्घाखांचीमा पठाएको र उच्च अदालत तुल्सीपुर, बुटवल ईजलासको मिति २०८२।०२।१४ को आदेशमा "शिक्षक सरूवा सम्बन्धि निर्देशिका, २०८१ को नियम १५ ले विद्यालय व्यवस्थापन समितिलाई शिक्षक सरूवाको लागि निवेदक शिक्षकको प्राथमिकता निर्धारण गर्ने तथा नियम १६ ले सरूवाको सहमति प्रदान गर्ने सम्मको काम, कर्तव्य र अधिकार गरेको देखिदा र शिक्षकको सरूवा गर्ने अख्तियारवालाले सरूवाको लागि आवश्यक पर्ने शर्त (Criteria) पूरा भए नभएको हेरी सिफारिश भएको शिक्षकलाई सरूवा गर्ने नगर्ने सम्बन्धमा आवश्यक निर्णय गर्न सक्ने नै देखिएको तथा त्यस्तो निर्णयमा चित्त नवुझेमा सरोकारवाला शिक्षकले कानुनी उपचारको मार्ग अवलम्बन गर्न सक्ने नै देखिदा सरूवाको सिफारिशको प्रक्रीयामा विपक्षीहरूबाट भए गरेका उल्लेखित काम कार्यवाहीको सन्दर्भमा निवेदकको निवेदन माग बमोजिम उत्प्रेषण । परमादेशको आदेश जारी गर्न मिल्ने अवस्था देखिएन" भनि उल्लेख भै आएकोले विद्यालय व्यवस्थापन समितिको सिफारिश बमोजिम विक्रम भुसाललाई सरूवा सहमति दिने निर्णय गरियो ।

**निर्णय नं. ४ :** प्रस्ताव नं. ४ माथि छलफल गर्दा भूमिकास्थान नगरपालिकाको विधायन समितिबाट सिफारिश भै आएको भूमिकास्थान नगरपालिकाको सहकारी नियमावली, २०८२ , सहकारी संस्थाको विनियमको नमूना स्वीकृत गर्ने निर्णय गरियो ।

CamScanner

**निर्णय नं. ५ :** प्रस्ताव नं. ५ माथि छलफल गर्दा विगत वर्षदेखि  भूमिकास्थान नगरपालिकामा कार्यालय सहयोगिको रूपमा करार सेवामा कार्यरत भूमिकास्थान नगरपालिका वडा नं. ३ निवासी भेग बहादुर पुनलाई २०८२ श्रावण ५ गते देखि लागु हुनेगरी हल्का सवारी चालक पदमा करार सेवामा नियुक्ति गर्ने निर्णय गरियो ।

निर्णय नं. ६ : जिल्ला दररेटलाई नगर दररेटको मुख्य आधार बनाईने र जिल्ला दररेटमा एच डि पि पाईप, सिमेन्ट र छडको मूल्य बजारमूल्य भन्दा न्यून भएको महशुस भएकोले सो सन्दर्भमा थप छलफल गरी दररेटमा पूनर्मूल्यांकनको लागि जिल्ला दररेट समितिमा सुझाव पठाउने निर्णय गरियो ।

CamScanner